# पृथ्वी सम्बन्धि बडापत्र तयारीको पहल

दिगो जीवनपद्धतिका आधारभूत सिद्धान्तको रचना गर्न पृथ्वी सम्वन्धि बडापत्रको सृजनाका लागि विश्वभरि नै विविध समूहहरू एक दशकभन्दा पनि लामो समयदेखि प्रयासरत थिए । यो प्रक्रियामा सयौं संगठनहरू र हजारौं व्यक्तिहरू संलग्न थिए । सन् १९९२ मा रियोमा सम्पन्न भएको पृथ्वी शिखर सम्मेलनदेखि नै सरकारी र गैरसरकारी संस्थाका प्रतिनिधिहरू पृथ्वी सम्वन्धि वडापत्रको संस्थापनाका लागि कार्यरत थिए । यद्यपी त्यो समय त्यति उपयुक्त थिएन । सन् १९९४ मा पृथ्वी सम्वन्धि परिषद्का सभापति मउरिस स्ट्रोङ र ग्रीन क्रस इन्टरनेशनलका अध्यक्ष मिखायल गोर्भाचोभको सक्रियतामा एक नयाँ पहलको आरम्भ गरियो । सन् १९९७ मा पृथ्वी सम्वन्धि वडापत्र तयारी विषयक आयोगको स्थापना गरियो । यो आयोगको सचिवालय कोस्टारिकास्थित पृथ्वी सम्वन्धि परिषद्मा राखियो ।

सन् २००० मार्चमा पेरिसमा सम्पन्न भएको आयोगको बैठकले पृथ्वी सम्वन्धि वडापत्रको अन्तिम रूपलाई स्वीकृति प्रदान गऱ्यो र यसलाई जारी गरियो । यो दस्तावेजलाई आधारभूत नैतिक विषय र दिगो जीवनपद्धतिप्रतिको प्रतिवद्धताको रूपमा छलफललाई अभिप्रेरित गर्ने उद्देश्यले तयार पारिएको जनताको सन्धिका रूपमा बिश्वभरि प्रसारित गरिदैछ । यसले दिगो विकास योजनामा परिपालन गर्नुपर्ने व्यवसायिक आचारसंहिता तयार गर्न मूल्यजनित ढाँचा उपलब्ध गराउन सक्छ र यो एक प्रभावकारी शैक्षिक उपकरण पनि हुनसक्छ । सन् २००२ मा मनाइने रियो शिखर सम्मेलनको दशौं वार्षिकीको अवसरमा यो वडापत्रलाई संयुक्त राष्ट्र संघीय महासभाबाट पारित गर्न आयोगले प्रयत्न गर्नेछ *(पृथ्वी सम्बन्धि वडापत्रको पाठ्यांश संलग्न रहेको छ)*।

## प्रस्तावना

हामी अहिले इतिहासको त्यस्तो महत्त्वपूर्ण घडीमा उभिएका छौं, जहाँ मानव जातिले आफ्नो भविष्यको छनौट गर्नुपर्ने भएको छ । विश्वमा जति-जति अन्तरनिर्भरता र निर्धोपना बढेर जान्छ, त्यति नै हाम्रो भविष्यमा पनि ठूल्ठूला खतराहरू तथा महान आशाहरू बढ्नेछन् । यसबाट अगाडि

जहाँ मानव जातिले आफ्नो भविष्यको छनौट गर्नुपर्ने भएको छ। विश्वमा जति-जति अन्तरनिर्भरता र निर्धोपना बढेर जान्छ, त्यति नै हाम्रो भविष्यमा पनि ठूलठूला खतराहरू तथा महान् आशाहरू बढ्नेछन्। यसबाट अगाडि बढ्नका लागि हामीले संस्कृतिका भव्य विविधता र जैविक विविधताहरूलाई स्वीकार गर्दै हामी यो पृथ्वीका एउटै मानव परिवार र समुदाय हौं, जसको भाग्य साझा छ भनेर मान्नैपर्छ। हामीले दिगो विश्व समाजको निर्माणका लागि एकसाथ आउनुपर्छ। यस्तो समाजको रचनामा प्रकृति, आधारभूत मानव अधिकार, आर्थिक न्याय र शान्तिको संस्कृतिको सम्मान जस्ता कुराहरू रहनेछन्। यस्तो लक्ष्य प्राप्त गर्नको लागि हामीलाई यो कुरा आवश्यक छ कि हामी पृथ्वीका सबै बासिन्दाहरू एक अर्काप्रति, विस्तारित जैविक समुदायप्रति र भावि सन्ततिप्रति हाम्रा उत्तरदायित्वहरूको घोषणा गरौं।

## पृथ्वी हाम्रो बासस्थान

मानव जाति बहृत्तर एवं विकासरत ब्राम्हाण्डको एक अंग हो। हाम्रो बासस्थानको रूपमा रहेको पृथ्वी जैविक समुदायको विविधतासहित सजिव रहेको छ। प्रकृतिका शक्तिहरूले अस्तित्वलाई चुनौतीपूर्ण र अनिश्चित अभियानको रूपमा राखेका छन्। तर पृथ्वीले जीवनको विकासका लागि आवश्यक अवस्था उपलब्ध गराएको छ। जैविक समुदायहरूको पुनरावृत्ति र मानव जातिको भलाई, बोटबिरुवा एवं जनावरहरूको प्रचुर विविधता, उब्जाउ माटो, शुद्ध पानी र सफा हावा जस्ता वातावरणीय पद्धतिसहित जैविक क्षेत्रलाई सन्तुलित राख्ने काममा नै निर्भर गर्दछ। संसारभरका सबै बासिन्दाहरूका लागि सीमित संशाधन भएको विश्व वातावरण साझा सरोकारको विषय हो। आज पृथ्वीको स्थायित्व, विविधता र सौन्दर्यको रक्षा गर्नु पवित्र कामको रूपमा रहेको छ।

## विश्व परिस्थिति

अहिले प्रचलनमा रहेका उत्पादन र उपभोगका मूल तरीकाहरूले वातावरणको विनास, प्राकृतिक संशाधनको समाप्ति र अनेक जैविक प्रजातिहरूलाई लोप गराएका छन्। समुदायहरूलाई हेला गरिएको छ। विकासका प्रतिफलहरूको बाँडफाँड न्यायसंगत ढंगले गरिएको छैन। गरीब र धनी बीचको दुरी बढिरहेको छ। अन्याय, अज्ञानता र सशस्त्र मुठभेडहरू व्यापक रूपमा भएका छन् र यिनीहरू नै विपत्तिका कारणहरूका रूपमा देखिएका छन्। जनसंख्याको अभूतपूर्व बृद्धिले वातावरणीय एवं सामाजिक पद्धतिहरूमा अत्यधिक भार उत्पन्न गरेको छ। विश्व सुरक्षाका आधारहरू खलबलिएका

रूपमा भएका छन् र यिनीहरू नै विपत्तिका कारणहरूका रूपमा देखिएका छन् । जनसंख्याको अभूतपूर्व वृद्धिले वातावरणीय एवं सामाजिक पद्धतिहरूमा अत्यधिक भार उत्पन्न गरेको छ । विश्व सुरक्षाका आधारहरू खलबलिएका छन् । यी प्रवृत्तिहरू खतरनाक छन् तर अपरिहार्य होइनन् ।

## भावी चुनौतीहरू

अब हाम्रो अगाडि छनौटको चुनौती उत्पन्न भएको छ । हामीले या त पृथ्वी र आफै एक-अर्काको हेरविचार गर्न विश्वव्यापी साझेदारीको व्यवस्था गर्नुपर्‍यो अथवा जैविक विविधतासहित आफ्नै विनासको खतरा उठाउनु पर्‍यो । हाम्रा मूल्यहरू, संस्थाहरू र जीवनपद्धतिमा आधारभूत परिवर्तन आवश्यक भएको छ । जब आधारभूत आवश्यकताहरू पूरा हुन्छन्, त्यसपछि मानव विकास भनेको धेरै हुनुमा छ, धेरै थुपार्नुमा होइन भन्ने कुरा हामीले महसुस गर्नैपर्छ । हामीसँग सबैलाई आवश्यक कुरा उपलब्ध गराउन पुग्ने र हाम्रा कामहरूले वातावरणमाथि पार्ने असरलाई घटाउने ज्ञान र प्रविधि छ । विश्वव्यापी नागरिक समाजको उदयले प्रजातान्त्रिक र मानवीय विश्वको निर्माण गर्न नयाँ अवसरहरू सृजना गरेको छ । हाम्रा वातावरणीय, आर्थिक, राजनैतिक, सामाजिक र आध्यात्मिक चुनौतीहरू अन्तरसम्बन्धित छन्, त्यसैले नै हामीहरू एकसाथ मिलेर समाधान पनि खोज्न सक्छौं ।

# I. जैविक समुदायको हेरचाह र सम्मान

### १. पृथ्वी र सम्पूर्ण मानव जीवनको विविधतालाई सम्मान गरौं ।

(क) सबै जैविक प्रजातिहरू अन्तरनिर्भर छन् र मानव जातिलाई यसको उपयोगिता रहे पनि नरहे पनि सबैको मूल्य छ भन्ने कुरालाई मान्यता प्रदान गरौं ।

(ख) सम्पूर्ण मानव जातिमा अन्तरनिहित बौद्धिक, कलात्मक, नैतिक तथा आध्यात्मिक संभाव्यतामा आस्था राख्दै प्रत्येक व्यक्तिमा निहित प्रतिष्ठालाई सम्मान गर्न कटिबद्ध होऔं ।

### २. जैविक समुदायलाई समझदारी, सहृदयता र प्रेमपूर्वक हेरविचार गरौं ।

(क) प्राकृतिक स्रोतको प्रयोगले वातावरणमा पर्न सक्ने असरहरूबाट जोगाउनु र जनताको अधिकारको संरक्षण गर्नु हरेक व्यक्तिको दायित्व हो भन्ने कुरालाई स्वीकार गरौं ।

(ख) स्वतन्त्रता, ज्ञान र शक्तिको वृद्धिसँगै सामूहिक हितको संरक्षण गर्ने जिम्मेवारी

र जनताको अधिकारको संरक्षण गर्नु हरेक व्यक्तिको दायित्व हो भन्ने कुरालाई स्वीकार गरौं ।

(ख) स्वतन्त्रता, ज्ञान र शक्तिको बृद्धिसँगै सामूहिक हितको संरक्षण गर्ने जिम्मेवारी पनि बढ्छ भन्ने कुराको संपुष्टि गरौं ।

**३. स्वतन्त्र, न्यायपूर्ण, सहभागितामूलक र दिगो तथा शान्तिपूर्ण समाजको निर्माण गरौं ।**

(क) हरेक समुदायहरूका सम्पूर्ण स्तरमा आधारभूत स्वतन्त्रता र मानव अधिकारको सुनिश्चय गरौं ताकि प्रत्येक व्यक्तिले आफूमा अन्तरनिहित क्षमताको पहिचान गरी अवसरहरूको खोजी गर्न सकोस् ।

(ख) पृथ्वीका मानव जाति एवं वातावरणीय समुदायलाई सम्वृद्ध पार्ने मूल्यहरू, परम्पराहरू र संस्थाहरू भावी सन्ततिमा हस्तान्तरित गरौं ।

**४. वर्तमान तथा भविष्यका सन्ततिहरूका लागि पृथ्वीको उपहार र सौन्दर्यलाई सुरक्षित राखौं ।**

(क) भावी सन्ततिहरूको आवश्यकताले नै प्रत्येक पिंढीको कार्य र स्वतन्त्रतालाई गुणात्मक बनाउँछ भन्ने कुरालाई स्वीकार गरौं ।

(ख) भविष्यका सन्ततिहरूका मूल्य, परम्परा तथा संस्थाहरूले पृथ्वीको मानव र अन्य वातावरणीय समुदायको दीर्घजीवनलाई फलाउन सहयोग गर्ने गरी हस्तान्तरण गरौं ।

## II. वातावरणीय अखण्डता

**५. जैविक विविधता तथा प्राकृतिक प्रक्रियाहरूद्वारा जीवनको निरन्तरतालाई अखण्ड राख्ने पृथ्वीका वातावरणीय पद्धतिहरूलाई संरक्षित र पुनर्स्थापित गरौं ।**

(क) दिगो विकास योजना र नियमहरूलाई सबै तहमा अंगिकार गर्दै वातावरणको संरक्षण तथा पुनर्स्थापनालाई सबै विकास प्रयासहरूको अभिन्न अंग बनाऔं ।

(ख) जंगल क्षेत्र र सामुन्द्रिक इलाका लगायत प्रकृति एवं जैविक क्षेत्र आरक्षहरूको स्थापना र सुरक्षा गर्दै पृथ्वीको जीवनलाई समर्थन गर्ने पद्धतिहरूको संरक्षण गरौं, जैविक विविधतालाई निरन्तरता दिऔं र हाम्रो प्राकृतिक सम्पदाहरूलाई संरक्षण गरौं ।

(ग) खतराजन्य वर्गमा परेका प्रजाति एवं बोटविरुवालाई पुनरुत्थान गर्न प्रोत्साहित

गरी, जैविक विविधतालाई निरन्तरता दिऔं र हाम्रा प्राकृतिक सम्पदाहरूलाई संरक्षण गरौं ।

(ग) खतराजन्य वर्गमा परेका प्रजाति एवं बोटविरुवालाई पुनरुत्थान गर्न प्रोत्साहित गरौं ।

(घ) मानव जातिले प्राकृतिक बोटविरुवा र जाति वर्गमा हेरफेर गरेर उत्पादन गरेका छुट्टै जाति वर्गमा पर्ने र प्राकृतिक जाति वर्ग एवं वातावरणको लागि हानिकारक बोटविरुवालाई बढावा दिन रोक लगाऔं, त्यसको नियन्त्रण र उन्मूलन गरौं ।

(ङ) खाद्यान्न, पानी, वन्य पदार्थ तथा सामुन्द्रिक जीव जस्ता नवीकरणयोग्य सम्पदाहरू पुनरउत्पादन गर्न सकिने जति मात्रामा मात्र उपयोग र प्रयोग गरौं साथै वातावरणीय प्रणालीलाई सुरक्षित ढंगले व्यवस्थापन गरौं ।

(च) खनिज तथा पेट्रोलियम पदार्थ जस्ता नवीकरण गर्न नसकिने सम्पदाहरू नरित्तिने गरी एवं वातावरणालई नोक्सान नपुऱ्याउने गरी प्रयोग गरौं ।

## ६. वातावरणीय हानी नोक्सानी हुनबाट जोगाउन पर्यावरणीय संरक्षणलाई सर्वोत्तम पद्धतिको रूपमा अंगीकार गरौं र ज्ञान सीमित मात्रामा छ भने सतर्कताको बाटो अवलम्बन गरौं ।

(क) वैज्ञानिक सूचना अधुरो वा निष्कर्षविहिन रहेको अवस्थामा पनि वातावरणमा गंभीर तथा अपरिवर्तनीय हानि निम्त्याउने गतिविधिहरूलाई पूर्णतया रोक लगाऔं ।

(ख) कुनै किसिमको प्रस्तावित कामले खासै नोक्सान पुऱ्याउँदैन भनेर तर्क गर्ने व्यक्तिहरूमाथि प्रमाण पुऱ्याउने अभिभारा तोकौं र उत्तरदायी पक्षलाई वातावरणीय नोक्सानीका लागि जिम्मेवार बनाऔं ।

(ग) थपिंदै गएका दुरवर्ति, दीर्घकालिन, अप्रत्यक्ष र विश्वव्यापी प्रभाव उत्पन्न गर्ने मानव क्रियाकलापहरूलाई नीति निर्णयहरूले संबोधित गर्ने कुरालाई सुनिश्चित गरौं ।

(घ) वातावरणको कुनै पनि भागमा हुने प्रदूषणबाट जोगाउन रेडियो धर्मिता, विषाक्तता तथा अन्य खतरापूर्ण तत्त्वको निर्माणमा अनुमति नदिऔं ।

(ङ) वातावरणमा हानी पुऱ्याउने सैनिक गतिविधिलाई बर्जित गरौं ।

## ७. उत्पादन, उपभोग तथा पुनर्रुत्पादनको सही ढाँचा अंगिकार गरौं जसबाट पृथ्वीको पुनर्जिवन प्रदान गर्ने क्षमता, मानव अधिकार तथा सामूहिक कल्याण कायम होस् ।

**पृथ्वीको पुनर्जिवन प्रदान गर्ने क्षमता, मानव अधिकार तथा सामूहिक कल्याण कायम होस् ।**

(क) उत्पादन तथा उपभोग प्रणालीमा परिवर्तन गरी फाल्तु सामग्रीलाई घटाउने, पुनप्रयोग गर्न सकिने सामग्रीलाई मात्र समावेश गरौं र त्यसबाट बाँकी बचेका कुँडाकर्कटलाई पनि जीवनवृत्तीय प्रणाली अनुरूप नै त्यसमा समायोजन गर्दै जाऊँ ।

(ख) उर्जा तथा अन्य प्राकृतिक सम्पदाको प्रयोग गर्दा बन्देज तथा क्षमतालाई ध्यानमा राखौं र सौर्यताप एवं हावा जस्ता पुननवीकरण गर्न सकिने प्राकृतिक स्रोतहरूमा निर्भरता बढाउँदै लैजाऊँ ।

(ग) वातावरणीय दृष्टिले उपयुक्त प्रविधिहरूको विकास ग्रहण र दिगो स्थानान्तरण गरौं ।

(घ) कुनै पनि वस्तुको सेवा तथा बिक्री मूल्यमा वातावरणीय एवं सामाजिक लागतलाई पनि समावेश गरौं जसबाट उपभोक्ताले त्यस्तो उत्पादनको वातावरणीय एवं सामाजिक उच्चतालाई पहिचान गर्न सकून् ।

(ङ) सन्तानोत्पादन स्वास्थ्य तथा उत्तरदायित्वपूर्ण पुनरुत्पादनलाई प्रबर्द्धन गर्दै स्वास्थ्य सेवामा सबैको पहुँचलाई सुनिश्चित गरौं ।

(च) सीमितता भएको विश्वमा भौतिक रूपले पर्याप्तता भएको गुणस्तरयुक्त पद्धतिलाई ग्रहण गरौं ।

**८. वातावरणीय दिगोपनाका विषयमा अध्ययनलाई अघि बढाऔं र प्राप्त ज्ञानको बृहद प्रयोगका लागि विचार विनिमयलाई प्रोत्साहित गरौं ।**

(क) विकासोन्मुख देशका आवश्यकताहरूलाई विशेष ध्यान दिंदै अन्तर्राष्ट्रिय स्तरमा वैज्ञानिक तथा प्राविधिक सहयोगलाई प्रोत्साहन गरौं ।

(ख) सम्पूर्ण संस्कृतिमा अन्तरनिहित परम्परागत एवं आध्यात्मिक ज्ञानले वातावरणीय संरक्षण एवं मानव कल्याणका निम्ति योगदान दिन सक्ने कुरालाई स्वीकार्दै त्यसको संरक्षण गरौं ।

(ग) मानवीय स्वास्थ्य एवं वातावरण संरक्षण सम्बन्धि वंशाणुगत सूचना लगायत महत्त्वपूर्ण सूचनाहरू सार्वजनिक क्षेत्रमा उपलब्ध राख्ने काम गरौं ।

## III. सामाजिक एवं आर्थिक न्याय

## III. सामाजिक एवं आर्थिक न्याय

### ९. नैतिक, सामाजिक एवं वातावरणीय आवश्यकताको रूपमा गरिबी उन्मूलन गरौं ।

(क) स्वच्छ खानेपानी, सफा हावा, खाद्य सुरक्षा, नबिग्रिएको माटो, आवास र सरसफाईको अधिकारलाई सुनिश्चित गरौं, त्यसका लागि आवश्यक पर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय संशाधनको उचित बाँडफाँड गरौं ।

(ख) प्रत्येक व्यक्तिलाई शिक्षा एवं दिगो जीवन निर्वाहका लागि सशक्तिकृत गरौं । आफ्नो खुट्टामा उभिनको लागि सक्षम नरहेका व्यक्तिलाई सामाजिक सुरक्षा एवं हेरचाहको प्रबन्ध गरौं ।

(ग) हेला गरिएकाहरूलाई मान्यता प्रदान गरौं, कठिन अवस्थामा रहेकाहरूलाई सुरक्षा प्रदान गरौं, दुःखीहरूको सेवा गरौं र क्षमताको विकास गर्न तथा आफ्ना आकांक्षाहरू पूरा गर्न उनीहरूलाई सक्षम पारौं ।

### १०. हरेक स्तरका आर्थिक क्रियाकलापहरू र संस्थाहरूबाट न्यायपूर्ण एवं दिगो किसिमको मानव विकासलाई प्रवर्द्धन गरौं ।

(क) राष्ट्रभित्र र राष्ट्रहरूबीच सम्पत्तिको न्यायपूर्ण वितरणलाई प्रोत्साहित गरौं ।

(ख) विकासोन्मुख राष्ट्रहरूका बौद्धिक, आर्थिक, प्राविधिक र सामाजिक संशाधनको बृद्धि गरौं र उनीहरूमाथिको अन्तर्राष्ट्रिय ऋणको गह्रौं भारीबाट मुक्त पारौं ।

(ग) सबै किसिमका व्यापारिक क्रियाकलापमा संशाधनको दिगो उपयोग, वातावरण संरक्षण र प्रगतिशील श्रम मानकहरूको प्रयोगलाई सुनिश्चित गरौं ।

(घ) वहुराष्ट्रिय निगमहरू र अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरूलाई पारदर्शी ढंगले काम गर्नु पर्ने बनाऔं र उनीहरूका कामहरूको परिणामका लागि उनीहरूलाई नै जिम्मेवार बनाऔं ।

### ११. लैगिंक समानता र न्यायसंगततालाई दिगो विकासको पूर्व शर्तको रूपमा स्वीकार गरौं र शिक्षा, स्वास्थ्य एवं आर्थिक क्रियाकलापमा सबैको पहुँचलाई सुनिश्चित गरौं ।

(क) महिला तथा बालबालिकाहरूको मानव अधिकारलाई सुरक्षित गरौं र उनीहरू विरुद्ध हुने सबै प्रकारका हिंसाहरूको अन्त्य गरौं ।

(ख) आर्थिक, राजनैतिक, नागरिक, सामाजिक र सांस्कृतिक जीवनका हरक्षेत्रमा बराबरका साझेदारका रूपमा निर्णयकर्ता, नेता र फाइदा पाउने समूहका रूपमा महिलाहरूको सहभागितालाई प्रोत्साहित गरौं ।

(ख) आर्थिक, राजनैतिक, नागरिक, सामाजिक र सांस्कृतिक जीवनका हरक्षेत्रमा बराबरका साझेदारका रूपमा निर्णयकर्ता, नेता र फाइदा पाउने समूहका रूपमा महिलाहरूको सहभागितालाई प्रोत्साहित गरौं ।

(ग) परिवारलाई सुदृढ गरौं र परिवारका सबै सदस्यहरू बीच सुरक्षा एवं स्नेहलाई बढाउने कुराको सुनिश्चिय गरौं ।

**१२. आदिवासी एवं अल्पसंख्यकहरूको अधिकारहरूमाथि विशेष ध्यान पुऱ्याउँदै कुनै भेदभाव विना सबैको मानव सम्मान, शारीरिक स्वास्थ्य र आध्यात्मिक कल्याणका अधिकारहरूको समर्थन गरौं ।**

(क) जाति, रंग, लिंग, लिंगजन्य प्रवृत्ति भएको साथै धार्मिक, भाषिक, राष्ट्रिय, प्रजातीय एवं सामाजिक उत्पतिको आधारमा भएका सबै किसिमका भेद्भावहरू समाप्त पारौं ।

(ख) आदिवासी जनताका आफ्ना आध्यात्मिकता, ज्ञान, जमीन एवं संशाधन र दिगो जीवनयापनसँग सम्वन्धित उनीहरूको अधिकारको समर्थन गरौं ।

(ग) दिगो समाजको रचनामा आवश्यक भूमिका पूरा गर्न सक्षम पार्दै हाम्रो समुदायका युवाहरूलाई सम्मान र समर्थन गरौं ।

(घ) सांस्कृतिक एवं आध्यात्मिक दृष्टिले असाधारण महत्त्वका स्थानहरूको रक्षा तथा पुनरुद्धार गरौं ।

## IV. प्रजातन्त्र, अहिंसा र शान्ति

**१३. सबै तहमा प्रजातान्त्रिक संस्थाहरूलाई सुदृढ गरौं, शासनमा पारदर्शिता र जवाफदेहीहरूलाई कायम गरौं । नीति निर्णयमा सहभागिता र न्यायसम्म पहुँचलाई स्थापित गरौं ।**

(क) वातावरणीय विषय र विकास योजना एवं क्रियाकलापका विषयमा स्पष्ट र समय-समयमा सूचना पाउने सबैको अधिकारलाई स्थापित गरौं । जसबाट उनीहरूको जीवनमा प्रभाव पार्ने कुराहरू अथवा उनीहरूका चाहनाका विषयमा सबै मानिस सु-सूचित रहून् ।

(ख) स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय नागरिक समाजलाई समर्थन गरौं । नीति-निर्माणमा चाहना राख्ने सबै व्यक्ति एवं संस्थाहरूको अर्थपूर्ण सहभागितालाई प्रोत्साहित गरौं ।

(ग) विचार स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला, संघ/संस्थाको

प्रोत्साहित गरौं ।

(ग) विचार स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला, संघ/संस्थाको स्थापना र संचालन तथा असहमतिको अधिकारको रक्षा गरौं ।

(घ) वातावरणीय हानी-नोक्सानी, दु:ख र खतरा लगायतका विषयमा प्रभावकारी प्रशासकीय एवं स्वतन्त्र न्यायिक प्रक्रियाहरूको व्यवस्था गरौं ।

(ङ) सबै सार्वजनिक तथा निजी संस्थाहरूमा भ्रष्टाचारको उन्मूलन गरौं ।

(च) आफ्नै वातावरणको हेरविचार गर्न स्थानीय समुदायहरूलाई सक्षम बनाउँदै सरकारको उपयुक्त तहमा वातावरणीय संरक्षणका दायित्वहरूलाई सुम्पने जसबाट तिनले प्रभावकारी ढंगले कार्य गर्न सकून् ।

## १४. औपचारिक शिक्षा र आजीवन आर्जन गरिने ज्ञानमा मूल्य, दक्षता र दिगो जीवन-पद्धतिका विषयहरूलाई सामेल गरौं ।

(क) दिजो विकासमा सक्रिय रूपमा योगदान गर्न सबैलाई सक्षम बनाऔं, त्यसमा पनि अझ खासगरी बालबालिका र युवाहरूलाई शैक्षिक अवसर उपलब्ध गराऔं ।

(ख) दिगो विकास शिक्षामा रहने कला, मानविकी तथा विज्ञानको योगदानलाई प्रोत्साहित गरौं ।

(ग) वातावरणीय एवं सामाजिक चुनौतीहरूको विषयमा जागरण ल्याउन संचारमाध्यमहरूको भूमिकालाई प्रवर्द्धन गरौं ।

(घ) दिगो जीवनपद्धतिका लागि नैतिक एवं आध्यात्मिक शिक्षाको महत्त्वलाई मान्यता प्रदान गरौं ।

## १५. सबै जीवनशील वस्तुहरूलाई आदरपूर्वक र विचारवान भएर व्यवहार गरौं ।

(क) मानव समाजमा रहेका जनावरहरूलाई दुर्व्यवहारबाट बचाऔं र विपत्तिबाट तिनीहरूको रक्षा गरौं ।

(ख) टार्न सकिने किसिमका सबै दु:खहरू उत्पन्न गर्न सक्ने शिकार, पासो वा माछा पक्रने कामका तरीकाहरूबाट वन्यजन्तुको सुरक्षा गरौं ।

(ग) लक्ष्यमा नरहेका वा नपरेका प्रजातिहरूको हानी-नोक्शानीहरूलाई पूर्णरूपले रोकौं ।

रोकौं ।

**१६. सहनशीलता, अहिंसा तथा शान्तिको संस्कृतिलाई प्रवर्द्धन गरौं ।**

(क) सबै जनता र राष्ट्रभित्र वा राष्ट्रहरू बीचमा पारस्परिक समझदारी, ऐक्यबद्धता र सहयोगलाई प्रोत्साहन र समर्थन गरौं ।

(ख) हिंसात्मक झडपहरूलाई रोक्न व्यवस्थित रणनीतिहरूको प्रयोग गरौं र वातावरण सम्बन्धि झगडा र विवादहरूको व्यवस्थापन र समाधानमा समस्या समाधानको सहकारी प्रणालीको प्रयोग गरौं ।

(ग) राष्ट्रिय सुरक्षा व्यवस्थालाई अनुत्तेजक र रक्षा प्रवृत्ति अनुरूप असैन्यिकरण गरौं र सैनिक संशाधनलाई वातावरणीय पुनर्स्थापना लगायतका शान्तिपूर्ण उद्देश्यका लागि प्रयोग गरौं ।

(घ) परमाणविक, जैविक एवं रासायनिक हातहतियार र आम विनासका हातहतियारहरू समाप्त पारौं ।

(ङ) पृथ्वीको कक्ष वा बाह्य अन्तरिक्षको उपयोग वातावरणको संरक्षण एवं शान्तिको पक्षमा मात्र गर्ने कामलाई सुनिश्चित गरौं ।

(च) शान्ति भनेको आफैसँग, अरू व्यक्तिहरूसँग, अरू संस्कृतिसँग, अरू जीवनसँग, पृथ्वी एवं त्यस्तो व्यापक परिवेश जसको सबै अंशहरू हुन्, त्यसबीच उपयुक्त सम्बन्धले रचना गरेको सम्पूर्णता हो भन्ने कुरालाई स्वीकार गरौं ।

## विश्वव्यापी उत्तरदायित्व

यी आकांक्षाहरूलाई प्राप्त गर्नको लागि हामीले विश्वव्यापी उत्तरदायित्वको भावना राख्ने र सम्पूर्ण पृथ्वीव्यापी समुदाय एवं हाम्रो स्थानीय समुदायसँगै आफूलाई पनि उभ्याउने निर्णय लिनै पर्दछ । हामीहरू एकै समय विभिन्न राष्ट्रका नागरिकहरू हौं र एकै विश्वमा पनि छौं, जहां स्थानीयता र विश्वव्यापी स्वरूप एक-अर्कासंग अन्तरसम्बन्धित छन् । मानव जाति र विराट विश्व समुदायको वर्तमान एवं भविष्यको कल्याणका लागि प्रत्येक व्यक्तिको उत्तरदायित्व रहेको छ । जब अस्तित्वका रहस्यहरूप्रतिको श्रद्धा, जीवनको अद्भूदयका लागि कृतज्ञता र यो विराट प्रकृतिमा मानवीय स्थानका लागि विनम्रतासाथ हामी बाँच्छौं तब नै मानव ऐक्यबद्धताको भावना र सबै किसिमका जीवनसंगको निकटता सुदृढ हुन्छ ।

विकसित हुँदै गरेको विश्व समुदायको मर्यादासम्वत आधार उपलब्ध गराउन हाम्रा लागि आधारभूत मूल्यहरूको साझा परिदृष्यको आवश्यकता परेको छ । त्यसैले सबै व्यक्तिहरू, संगठनहरू, व्यवसायिक प्रतिष्ठानहरू,

विकसित हुँदै गरेको विश्व समुदायको मर्यादासम्पन्न आधार उपलब्ध गराउन हाम्रा लागि आधारभूत मूल्यहरूको साझा परिदृष्यको आवश्यकता परेको छ। त्यसैले सबै व्यक्तिहरू, संगठनहरू, व्यवसायिक प्रतिष्ठानहरू, सरकारहरू र बहुराष्ट्रिय निगमहरूका आधारहरूलाई निर्देशित एवं मूल्याङ्कित गर्न हामी सबै तलका दिगो जीवनपद्धतिका साझा मानकहरू भएको अन्तरनिर्भर सिद्धान्तहरूप्रति विश्वास जाहेर गर्छौं *(भित्र उल्लेखित सिद्धान्तहरूलाई हेर्नुस्)*।

## नूतन शुरूवात

इतिहासमा पहिले कहिल्यै नदेखिएको नयाँ शुरूवात गर्न हाम्रो साझा भाग्यले इंगित गरेको छ। पृथ्वी सम्बन्धि बडापत्रमा उल्लेखित यी सिद्धान्तहरूले त्यस्तो नवीकरणलाई प्रतिज्ञ पार्दछन्। यस्तो प्रतिज्ञालाई पूरा गर्न बडापत्रका मूल्य र उद्देश्यहरूलाई प्रवर्द्धन र अंगिकार गर्न हामी प्रतिबद्ध हुनैपर्छ।

यसको लागि सबभन्दा पहिले हाम्रो मन र मस्तिष्कमा परिवर्तन आवश्यक हुन्छ। यसले विश्वव्यापी रूपमा रहने अन्तरनिर्भरता र उत्तरदायित्वलाई बुझ्न आवश्यक बनाउँछ। हामीले स्थानीय, क्षेत्रीय तथा विश्वव्यापी रूपमा दिगो जीवन पद्धतिलाई अंगिकार गर्ने र त्यसलाई कल्पनाशील भएर विकास

गर्ने काम गर्नैपर्छ। हाम्रो सांस्कृतिक विविधता मूल्यवान सम्पदा हो र हाम्रो सांस्कृतिक विविधता समेतले हाम्रो परिकल्पनालाई प्राप्त गर्न आ-आफ्नै ढंगले मार्ग उपलब्ध गराउनेछन्। पृथ्वी सम्बन्धि बडापत्रका उत्पत्तिको आधार रहेका विषयमा हाम्रो विश्वव्यापी सम्वादलाई गहन र विस्तारित गरिनु पर्दछ। यस्तो सहकार्यले हामीलाई अन्वेषणद्वारा सत्य एवं बुद्धिको खोज गर्न मद्दत गर्नेछ।

वास्तवमा महत्त्वपूर्ण मूल्यहरू बीच अनेक तनावहरू हुनु जीवनको स्वभाविकता हो। यसको मतलब हो- छनौटमा कठिनाईहरू छन्। तापनि हामीले विविधतासँग एकतालाई, साझा कल्याणसँग स्वतन्त्रतालाई र दीर्घकालिन लक्ष्यहरूसँग अल्पकालिन उद्देश्यहरूलाई संयोजन गर्ने तरीकाहरू पत्ता लगाउनु पर्छ। प्रत्येक व्यक्ति, परिवार, संगठन र समुदायको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। कला, विज्ञान, धर्म, शैक्षिक प्रतिष्ठानहरू, संचारमाध्यम, व्यवसायिक प्रतिष्ठानहरू, गैरसरकारी संस्थाहरू र सरकारहरूलाई आ-आफ्ना किसिमले रचनात्मक नेतृत्व प्रदान गर्न आव्हान गरिएको छ। प्रभावकारी शासनका लागि सरकार, नागरिक समाज र व्यवसायीहरू बीचको समझदारी आवश्यक छ।

दिगो विश्व समुदायको निर्माण गर्न विश्वका राष्ट्रहरूले संयुक्त राष्ट्रप्रतिको उनीहरूको प्रतिबद्धतालाई नवीकरण गर्नुपर्छ। विद्यमान अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूका दायित्वहरूलाई पूरा गर्नुपर्छ र पृथ्वी सम्बन्धि बडापत्रका सिद्धान्तहरूलाई वातावरण एवं विकास सम्बन्धि अन्तर्राष्ट्रिय रूपले बाध्यात्मक कानूनी संयन्त्रको मान्यता प्रदान गर्दै त्यसलाई लागू गर्न सहयोग एवं समर्थन गर्नुपर्छ।

यो समय नयाँ जीवनलाई पुजनीय बनाउने जनजागरणको समय होस्। यो समय दिगो विकासलाई प्राप्त गर्ने, न्याय एवं शान्तिको लागि हुने संघर्षमा तीब्रता ल्याउने र जीवनको उल्लासमय उत्सबको समय होस्।